# सल्लाहकार सभाको सूचना

नं. ८०                                                    मिति २०११।१०।१२।३

सल्लाहकार सभाको माघ ५, २०११ को बैठकमा माननीय श्री मातृकाप्रसाद कोइराला प्रधान तथा अर्थमन्त्रीले पेश गर्नुभएको सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्नको निमित्त बनेको विधेयक सल्लाहकार सभाकोकार्य संचालन तथा कार्यविधिको नियमधारा ८६ अनुसार तल प्रकाशित गरिएको छ।

## सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्नको निमित्त बनेको विधेयक

१. संक्षिप्त शीर्षक र बिस्तारः— (१) यो ऐनको नाउँ "आर्थिक ऐन, २०११" भन्ने रहेको छ।

२. मालपोतमा सरचार्ज लगाउनेः— (२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ। २०११ साल माघ महिनादेखि असूल गरिने माल पोतमा ऐन सवालबमोजिम हाल लागी आएको दरमा त्यसको शयकडा १० का दरले सरचार्ज थपी असूल हुनेछ।

३. भन्सार महसूलमा सरचार्ज लगाउनेः—नेपालमा पैठारी हुने सबै मालसामानहरूको सम्बन्धमा देहायमा लेखिएबमोजिम सरचार्ज २०११।१०।५।३ देखि लाग्नेछ।

(क) स्वीकृत पैंठारी कार्यप्रणालीबमोजिम पैठारी भएको माल सामानहरूको सम्बन्धमा यस्ता माल सामानमा भारतमा लगाइने (क) केन्द्रीय अन्तःशुल्कको शयकडा ५ का दरले सचार्ज लाग्नेछ। (ख) पैठारी महसूलमा कुनै सरचार्ज लाग्नेछैन।

(ख) अरू माल सामानहरूमा यो ऐन लागु हुनु भन्दा ठीक अघाडी यस्ता माल सामानहरूमा लाग्ने भन्सारमहसूलको शयकडा १० का दरले सरचार्ज लाग्नेछ।

(ग) तर मोटर कार र हवाई जहाजको ' कामको निमित्त प्रयोग हुने पेट्रोलको सम्बन्धमा यस्तो सरचार्ज प्रति ग्यालन ।≈ आनाको दरले लाग्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण:—स्वीकृत पैठारी कार्यप्रणाली भन्नाले (क) भारतमा केन्द्रीय अन्तः शुल्क लाग्ने माल सामान भारतबाट नेपाल निकाशी गर्ने कामलाई र (ख) नेपालको निमित्त समुद्रको बाटो भारतमा पैठारी गरिएको माल भारत भै नेपाल ल्याउने कामलाई नियमित गर्नेबारे भारत र नेपाल सरकारका प्रतिनिधिहरुले मन्जूर गरेको कार्यप्रणालीलाई लिइनेछ।

४. अन्तःशुल्क लगाउने:— नेपालमा बनी तयार भएको सबै किसिमको सलाईमा निम्नलिखित दरमा अन्तःशुल्क २०११।१०।५।३ देखि लाग्नेछ।

६० काँटी भएको बट्टाको प्रतिग्रूसमा रु १॥

४० काँटी भएको बट्टाको प्रतिग्रूसमा रु १

५. रेडियो राख्नको निमित्त दस्तुर लगाउने:—(१) कुनै व्यक्तिले पनि सरकारबाट लाइसेन्स नलिई २०११।१०।५।३ का मितिदेखि रेडियो राख्न पाउनेछैन।

(२) उपदफा १ बमोजिम दिइने लाइसेन्स सो लाइसेन्स दिइएको आर्थिक वर्षभरको निम्ति मात्र लागू हुनेछ।

(३) उपदफा १ बमोजिम लाइसेन्स लिंदा प्रतिसेट वार्षिक दस्तुर रु. १० लाग्नेछ।

(४) उपदफा १ बमोजिम लाइसेन्स नलिई कसैले रेडियो राखेमा यस्ता व्यक्तिलाई नेपाल सरकार अर्थमन्त्रालयका सेक्रेटरीले रु. ५०। सम्म जरिवाना गर्न सक्दछ।

तर यो ऐन लागू भएको एक महिनाभित्र लाइसेन्स दस्तुर सदर मुलुकिखाना वा मालअड्डामा जम्मा गर्ने व्यक्तिलाई यो उपदफा लागू हुनेछैन।

६. नियमहरू बनाउने अधिकार:—(१) यो ऐन उद्देश्य पूरा गनको निमित्त सरकारले नियमहरू बनाउन सक्दछ।

(२) उपदफा १ ले दिएको अधिकारको सामान्यतामा प्रतिकूल प्रभाव नपारी (क) दफा ५ मुताबिक रेडियो व्यापारीहरू र अरुहरुलाई लाइसेन्स



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिने तरिकाको सम्बन्धमा र (ख) सोही दफामुताबिक लाइसेन्स र त्यसको निमित्त दिनुपर्ने दरखास्तको ढाँचासमेत तोकी सरकारले नियम बनाउन सक्तछ।

आज्ञाले——
कुलशेखर शर्मा,
सेक्रेटरी——सल्लाहकार सभा सचिवालय.

## कानूनमन्त्रालयको सूचना

नेपाल गजेट खंड २ ज्येष्ठ २६ गते २०१० साल संख्या ४२ को गजेटमा प्रकाशित भएको भ्रष्टाचार निवारण ऐनतर्फ उद्देश्य र कारणपछि प्रस्तावनाभन्दा अघिको दफामा सो ऐन सदर भएको २०१०।१।१२ को लालमोहरबमोजिम छापिन नगै छपाइको भूलबाट अशुद्ध भएकोले त्यसको सट्टा तल लेखी प्रकाश गरिएको छ।

साबिक ऐन सवाल यो ऐन जारी गरे बाट खारेज भएको छैन र यो विषयमा लेखिएको बात कसूर अघिको ऐन सवाल सनदमा पनि परेको कलमहरूमा यो ऐन नियममा लेखिएको भन्दा बढी सजाय साबिक ऐन सवाल सनदमा परेको रहेछ भने ठहर गर्ने अधिकार पाएकोले मुद्दा र अवस्था हेरी साबिक ऐनबमोजिम बढाउन पनि हुन्छ। तर यो ऐनमा लेखिएको भन्दा घटी भने गर्न हुँदैन।

आज्ञाले——
त्रिलोकशमशेर,
सेक्रेटरी कानून तथा संसदीय प्रबन्धमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।